**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

नवराजपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २ मितिः २०७९/०६/१२

**भाग-२**

**नवराजपुर गाउँपालिका**

# नवराजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# नवराजपुर सिराहा

***आपतकालिन अवस्थामा राहत वितरण सम्बन्धि कार्यविधि, २०७९***

**प्रस्तावना :** विपद् जोखिमको दृष्टिबाट नेपाल विश्व कै अतिसंवेदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाइसराई,वन अतिक्रमण, अवैज्ञानिक कृषि प्रणाली तथा अव्यवस्थित बस्ती विकास र अवैज्ञानिक शहरीकरण, बढ्दो जनसंख्या, वतावरण प्रदुषण तथा जलवायु परिवर्तन,जनचेतनाकोकमी लगायतका कारणहरुले हरेक वर्ष हुने भूकम्प, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, विभिन्न रोगको महामारी, आगलागी जस्ता प्रकोपको दुर्घटनामा ठूलो धनजनको क्षति हुने गरेको छ । यस्ता प्रकोप तथा विपद्का कारण हुने गरेको धनजनको क्षतिलाई न्यूनीकरण गर्न तथा प्रकोप पीडितलाई तत्काल उद्धार गर्न तथा राहत उपलब्ध गराउनकोलागि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाँउपालिका क्षेत्र विपद तथा प्रकोप प्रभावितहरुलाई राहत उद्दार र पुर्नस्थापना सम्बन्धि कार्य गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नवराजपुर गाउँ कार्यपालिकाले यो कार्यविधि पारित गरेको छ ।

**उद्देश्य :-**

(क) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलब्ध गराउनु ।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्दा अति वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना विपद् पूर्वको तयारीका लागि उपलव्ध गराउनु ।

(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

(ज) विपद्का लागि लागु हुने प्रयास रोकथाम मूलक भन्दा पनि उपचार मूलक बनाउनु ।

(झ) विपद्व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

(ञ) विपद्सम्वन्धी सूचना दिने प्रविधिको विकास तथा व्यवस्थापन गर्नु ।

## परिच्छेद – १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**(१) यस कार्यविधीको नाम “नवराजपुर गाउँपालिकाको आपतकालिन अवस्थामा राहत वितरण सम्बन्धि कार्यविधि, २०७९” रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(ख) **“कार्यविधि”** भन्नाले नवराजपुर गाँउपालिकाको आपतकालिन अवस्थामा राहत वितरण सम्बन्धि कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(ग) **“आपतकालिन अवस्थामा राहत वितरण सिफारिस समिति”** भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(घ) **“गाउँपालिका”** भन्नाले नवराजपुर गाँउपालिकाकोकार्यालय, नवराजपुर सिरहा सम्झनु पर्छ ।

(ङ) **“विपद्”** भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशुचौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(च) **"प्राकृतिक विपद्"** भन्नाले बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ।

(छ) **"गैर प्राकृतिक विपद्"** भन्नाले महामारी,अनिकाल,डढेलो,कीट आतङ्क,वर्डफ्लू,सर्पदंश,जनावर आतङ्क, खानी दुर्घटना,औद्योगिक दुर्घटना, आगलागी,विषाक्त ग्यास वा रसायन चुहावट,विकिरण,ग्यास विष्फोटन, विशाक्त खाद्य सेवन,वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाबाट क्षति सम्झनु पर्छ र सो शब्दले विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटनासमेतलाई बुझाउँछ। तर, गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन।

(ज) **"राहत"** भन्नाले विपद् बाट पिडित व्यक्तिलाई उपलब्ध गराउने नगद तथा अन्य आवश्यक सरसामानलाई सम्झनु पर्छ।

## परिच्छेद – २

## "आपतकालिन अवस्थामा राहत वितरण सिफारिस समिति"

**३. आपतकालिन अवस्थामा राहत वितरण सिफारिस समिति :**(१) नवराजपुर गाउँपालिकामा सम्भावित विपद् जोखिमको पहिचान एवं न्युनीकरण गर्न तथा विपद् पश्चात तत्काल उद्धार तथा राहत एवम् पुर्नस्थापनाको आवश्यक व्यवस्था मिलाउन र राहत उद्दार तथा पुर्नस्थापना शिर्षकबाट रकम उपलब्ध गराउन सिफारिस गर्न देहायको एक आपतकालिन अवस्थामा राहत उद्दार र पुर्नस्थापना सिफारिस समिति रहनेछ।

(क) गाँउपालिका अध्यक्ष– संयोजक

(ख) गाँउपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

(ङ) प्रत्येक वडाका वडा अध्यक्ष –सदस्य

(च) इन्जिनियर/प्राविधिक शाखा प्रमुख – सदस्य

(छ) नेपाल रेडक्रस सोसाइटी नवराजपुर शाखा प्रमुख/प्रतिनिधि – सदस्य

(ज) स्थानीय प्रहरी कार्यालयको प्रमुख/प्रतिनिधि – सदस्य

(झ) स्वास्थ्य शाखा प्रमुख वा संयोजक – सदस्य

(ञ) प्रशासन/विपद व्यवस्थापन शाखा प्रमुख – सदस्य सचिव

(२) आवश्यकता परेको अवस्थामा समितिले आफ्नो बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले आफ्नो बैठक सम्बन्धि कार्यविधि आफैं व्यवस्थित गर्नेछ।

**(४) आपतकालिन अवस्थामा राहत वितरण सिफारिस समितिको काम कर्तव्य र अधिकार :**

(क) गाँउपालिकामा राहत उद्दार तथा पुर्नस्थापनाका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने।

(ख) विपद तथा प्रकोपबाट पिडितका लागि परिच्छेद ५ को अनुसूची ७ बमोजिम तत्काल राहत उद्दार तथा पुर्नस्थापना शिर्षकबाट राहत रकम उपलब्ध गराउन सिफारिस गर्ने।

(ख) गाँउपालिकामा राहत उद्दार तथा पुर्नस्थापनाका लागि आवश्यक योजना तर्जुमा गर्ने/गराउने।

(ग) विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको समय र क्षेत्रमा स्थलगत अनुगमन गरी तत्काल उद्धार तथा राहतको कार्यक्रम लागु गर्ने।

(घ) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना कार्यमा संलग्न सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोग र सहभागिता जुटाउने।

(ङ) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी सुरक्षा तथा बचाउका कार्यक्रम गाउँपालिकालाई सिफारिस गर्ने।

(च) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्ने/गराउने ।

(झ) विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिकालाई सिफारिस गर्ने ।

## परिच्छेद–३

## समितिको बैठक

**५. समितिको बैठक :** दफा ३ बमोजिमको समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा वस्न सक्नेछ ।

**६. गणपुरक संख्या :**(१) समितिको बैठकको लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर, आपतकालिन अवस्थामा संयोजकले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(२) समितिका पदाधिकारीले बैठक बसेको दिन गा.पा.का पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन्।

## परिच्छेद – ५

## आपतकालिन उद्धार तथा राहत वितरण

**७. आपत्कालीन उद्धार तथा राहत वितरण :** (१) गाउँपालिका क्षेत्रभित्र विपद् तथा जोखिमको घट्ना घटेको अवस्थामा आपतकालिन अवस्थामा राहत वितरण सिफारिस समितिले तत्काल उद्धारको व्यवस्था मिलाइ देहाय अनुसार राहत उपलब्ध गराउन सक्नेछ :

(क) आगलागी, बाढिपहिरो, चट्याङ आदी प्राकृतिक प्रकोप तथा विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. १०,०००।- का दरले मृतकका परिवारलाई किरिया खर्च उपलब्ध गराउने र अंगभंग भएमा उपचार खर्च वापत रु १०,०००।- सम्म उपलब्ध गराउने ।

(ख) आगलागी, वाढीपहिरो तथा भुकम्प जन्य विपदबाट घर पूर्णरुपमा क्षति भएमा तत्काल गुजाराको लागि रु. १०,०००।-उपलब्ध गराउने ।

(ग) गोठमा आगलागी, बाढी पहिरो तथा भुकम्पले पुर्ण रुपमा क्षती भएमा रु.५,०००।- र आगलागी तथा बाढिपहिरोबाट गोठ र गोठमा रहेका दोपाय तथा चौपायाको क्षति भएमा क्षतिको विवरण हेरी प्रति परिवार एक मुष्ठ बढीमा रु १०,०००।-सम्म उपलव्ध गराउने ।

(घ) कसैको विधुतीय करेन्ट लागि मृत्यु भएमा मृतकका परिवारलाई किरिया खर्चवापत रु १००००/उपलब्ध गराउने र अंगभंग भएमा उपचार खर्च वापत रु १००००।- सम्मउपलब्ध गराउने ।

(२) प्रकोप तथा विपद पीडितहरुलाई राहत वितरण गर्दा राहत सिफारिस समितिले नगद राहत रकमका साथै अन्य आवश्यक सरसामान तथा खाद्यान्न समेत उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ ।

(३) प्रकोप तथा विपद् पीडितहरुलाई राहत वितरण गर्दा यस कार्यविधिको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलव्ध गराइने छ । तर, विपद्को अवस्थामा तत्काल उद्धार र राहत उपलब्ध गराउन संयोजकले कार्यपालिकाका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी तत्काल उद्धार र राहत उपलब्ध गराउनुपर्ने अवस्थामा संयोजकको निर्देशानुसार नगद राहत सहयोग समेत उपलब्ध गराउन सकिनेछ ।

(४) उपदफा (२) वमोजिम संयोजकको निर्देशनमा उपलब्ध गराइएको राहत दफा ३ वमोजिमको समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

(५) यस दफा वमोजिमको राहत सहयोग प्राप्त गर्नको लागि पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सरजमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

## परिच्छेद – ६ विविध

**८. प्रगति प्रतिवेदन** :दफा ३ को समितिले दफा ७ को उपदफा (१) बमोजिम वितरण गरेको राहत तथा जोखिम एवं विपद्व्यवस्थापन सम्वन्धमा गरेको कामको प्रगति प्रतिवेदन चौमासिक रुपमा गाँउ कार्यपालिकामा पेश गर्नेछ ।

**९. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ फुकाउ गर्नुपरेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

**१०. संशोधन :** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

आज्ञाले,

राज किशोर साह

प्रमुख प्रशासकीय अधिकृत